STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २२ | अङ्क १०० | श्रेणी क्षेत्रीय 'क' | २०७८ बैशाख १० गते शुक्रबार | 23 April 2021 | पृष्ठ ६ | मूल्य रू. २।-

## पार्टीको विधानविपरीत कारवाही गरिएको उल्लेख गर्दै सर्वोच्चमा रिट

**रासस**
**काठमाडौं, ९ बैशाख**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको विधानविपरीत आफूहरुलाई कारवाही गरेको उल्लेख गर्दै चार नेताले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन्।

निर्वाचन आयोग, एमाले अध्यक्षओली,सभामुख,महासचिव ईश्वर पोखरेललगायतलाई विपक्षी बनाई आज पार्टीका वरिष्ठ नेता नेपाल, नेताहरू भीम रावल, घनश्याम भुसाल र सुरेन्द्र पाण्डेले पार्टीको विधानविपरीत कारवाही भएको हुँदा बदर गर्न माग गर्दै रिट निवेदन दायर गरेका हुन्। रिट निवेदनमा संवैधानिक आयोगमा अभिलेखीकरण भएको दलको संरचना, पदाधिकारी र विधान दलको अन्तिम विवरण भएको उल्लेख गर्दै भनिएको छ, "त्यस विवरणविपरीतका सबै काम कारवाही र निर्णय गैरसंवैधानिक, गैरकानूनी र पार्टी विधानविपरीत हुने देखिन्छ, प्रधानमन्त्री ओलीले गर्नुभएको कथित कारवाही र त्यसअघिको स्पष्टीकरणसमेत स्वतःगैरकानूनी भएकाले त्यस्ता सबै काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने देखिन्छ।"

पार्टीका अध्यक्ष ओलीको निर्देशनमा महासचिव ईश्वर पोखरेलले गत फागुन २८ गते करीब एकैप्रकारको 'कथित स्पष्टीकरण' माग गरिएको र यसरी सोधिएको स्पष्टीकरणको जवाफ दिएकामा कुनै वास्ता नगरी त्यसको मूल्याङ्कनबारे कमिटीमा छलफल एवं परामर्शसमेत नगरी गत चैत १६ गतेदेखि पार्टीको साधारण सदस्यबाट छ महिनाका लागि निलम्बन गरिएको कार्य गैरसंवैधानिक भएको निवेदनमा छ। सर्वोच्च अदालतमा सामूहिक रिट निवेदन बुधबार पेश भएको छ भए तापनि बिहीबार दर्ता भएको छ भने यसको सुनुवाइ आइतबारका लागि तय भएको छ। रिट निवेदनमा आफूहरूमाथि गरिएको कारवाही अवैधानिक भएको हुँदा अन्तरिम आदेशले बदर गर्नुपर्ने मागसमेत गरिएको छ।

रिटमा नेपालसहित २७ जनामाथि गरिएको कारवाहीबमोजिम राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम आयोग र संसद् सचिवालयमा सूचना दिन लागिएकाले त्यसप्रकारका काम कारवाही रोक्न आवश्यक भएको उल्लेख छ।पार्टीको विधानबमोजिम सम्मेलन आयोजक कमिटी बनाउने र सो हैसियतमा महाधिवेशनबाट निर्वाचित पद एवं हैसियतलाई समाप्त गर्ने अधिकार कोहीकसैलाई नभएको र कसैलाई नभएको हैसियत र अधिकार प्रयोग गरी गरिएका काम कारवाही प्रारम्भदेखि नै बदरयोग्य हुने रिटमा छ।

सर्वोच्च अदालतको गत फागुन २३ को फैसलापछि नेपाल कम्युनिष्ट पार्टी (नकेपा)ऋषि कट्टेलको ठहर भएपछि एमाले २०७५ जेठ ३ को पूर्वअवस्थामा फर्केको हुँदा त्यसबखत निर्वाचन आयोगको अभिलेखमा कायम नेकपा (एमाले)को केन्द्रीय कमिटी र पदाधिकारी सङ्ख्या यथावत रहेको दाबी रिटमा छ।

## पार्टी एकता जोगाउन खनाल-नेपालसहित १५ नेताको संयुक्त अपिल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**

नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपालसहित १५ नेताले पार्टी एकता जोगाउने काममा योगदान गर्न सबैमा आह्वान गरेका छन्।

नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवसको दिन संयुक्तरुपमा अपिल जारी गर्दै उनीहरुले एमालेको एकता जोगाउन अपिल गरेका हुन्। उनीहरुले पार्टी एकता जोगाउनका लागि 'एमालेको एकतालाई बचाऔं, कम्युनिष्ट आन्दोलनको रक्षा गरौं' भनेका छन्। आफूहरुलाई एमालेमा रहन नदिने अनेक दाउपेचहरु गरिरहेकोसमेत उल्लेख गर्दै उनीहरुले अपिलमा भनेका छन्, "फागुन २८ गतेको भेलालाई नै पार्टी केन्द्रीय कमिटीको बैठक मान्ने कुराले त्यही देखाउँछ। तर हामी पार्टी एकता जोगाउन चाहन्छौं।" अपिलमा पार्टी एकताका लागि फागुन २८ गते र तत्पश्चात् भएका बैठकका निर्णय फिर्ता हुनुपर्ने उनीहरुको माग रहेको छ। "फागुन २८ गते र त्यसपछि भएका बैठकका निर्णय फिर्ता हुनुपर्दछ। यदि त्यसो भयो भने एमालेको एकता जोगिन्छ", उनीहरुको अपिलमा भनिएको छ, "एमालेको एकता जोगाउन सकियो भने नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा गर्ने आधार जोगिन्छ।"

यसरी अपिल गर्ने नेतामा खनाल, नेपाल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, घनश्याम भुसाल, भीम आचार्य, गोकर्ण विष्ट, योगेश भट्टराई, मुकुन्द न्यौपाने, सुरेन्द्र पाण्डे, रघुजी पन्त, बेदुराम भुसाल, अमृतकुमार बोहरा र प्रमेश हमाल रहेका छन्।

## थप दुई हजार ४२८ जनामा कोरोना पुष्टि, पाँचको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**

थप दुई हजार ४२८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट संक्रमितको सङ्ख्या दुई लाख ९२ हजार १५२ पुगेको छ।

थप दश हजार एक जनाको पिसिआर परीक्षण तथा ४४७ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। हालसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या दुई लाख ९२ हजार १५२ जना पुगेको छ। हाल ८१ जना क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए।

सङ्क्रमितमध्ये काठमाडौं उपत्यकाका मात्र एक हजार १७४ जना रहेका छन्।काठमाडौंमा ९८७, ललितपुरमा १०६ र भक्तपुरमा ८१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। हालसम्म दुई लाख ७६ हजार ३४५ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर २५२ सङ्क्रमित निको भएर घर फर्किएका छन्।

हाल देशभर १२ हजार ६९० सक्रिय सङ्क्रमित रहेका छन्। पछिल्लो समय रुपन्देहीमा १२५, मोरङमा ११३, पर्सामा ७९, कैलालीमा ७३, पाल्पामा ४२, कञ्चनपुरमा ३७, सुनसरीमा ३६, बर्दियामा ३१, कास्कीमा ३१, मकवानपुरमा ३०, कपिलवस्तुमा २७, दाङमा २३, चितवनमा २२, काभ्रेपलाञ्चोकमा १७, स्याङ्जामा १४, नुवाकोटमा १२ तथा गुल्मीमा १० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट पछिल्लो समय पाँच जनाको मृत्यु भएको छ। हालसम्म कोरोना भाइरसको सङ्क्रमणबाट तीन हजार ११७ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

## सात हजार ५५३ विद्यालय पुनःनिर्माण

**रासस**
**काठमाडौं, ९ बैशाख**

सरकारले यहि आर्थिक वर्षमा भूकम्पबाट क्षतिग्रस्त भएका सात हजार ५५३ विद्यालय पुनःनिर्माणको काम सम्पन्न गर्ने भएको छ।

शिक्षा पत्रकार सञ्जाल, नेपालले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ आयोजना (शिक्षा) का निर्देशक रामशरण सापकोटाले सात हजार ५५३ विद्यालयमध्ये छ हजार २४६ वटा भवनको पुनःनिर्माण भइसकेको र बाँकी एक हजार ३०७ विद्यालय असारसम्म पुनःनिर्माण गरिने जानकारी दिए। आयोजनाले भूकम्पबाट क्षतिग्रस्त भएका ३१ जिल्लाका सात हजार ५५३ विद्यालयको पुनःनिर्माण विसं २०७२ बाट गर्न थालेको हो। विसं २०७२ को भूकम्पले अतिप्रभावित १४ र कम प्रभावित १७ जिल्लाका नौ हजार ७२ विद्यालयका ५४ हजार ५८४ कक्षा कोठामा क्षति पुगेको थियो। क्षति भएकामध्ये एक हजार ५१९ विद्यालयको पुनःनिर्माणको काम हुन नसकेको उहाँले जानकारी दिए। जग्गा विवाद, पुरातत्वको कारणले ती विद्यालयको पुनःनिर्माण हुन नसकेको आयोजनाप्रमुख सापकोटाले जानकारी बताए। अहिलेसम्म सात हजार ५५३ विद्यालयका ४८ हजार ७११ कोठामध्ये ३५ हजार ५८ कोठा सम्पन्न र १३ हजार ६५३ कोठा अन्तिम चरणमा रहेका छन्। यस्तै पाँच हजार ३६ शौचालयमध्ये दुई हजार ७०७ सम्पन्न र दुई हजार ३२९ निर्माणाधीन रहेका छन्। यस्तै एक हजार ७०१ खानेपानीमध्ये २१६ सम्पन्न र एक हजार ४८५ निर्माणाधीन रहेका छन्। क्षति भएकामध्ये ३२७ वटा विद्यालय मर्ज भएका र १५३ विद्यालय सञ्चालनमा रहेका छैनन्। एकाइका आयोजना निर्देशक सापकोटाले दातृ निकायबाट अनुमान गरिए जति प्राप्त नभएकोले रकम अभावको समस्या रहेको भन्दै अबदेखि भूकम्पले क्षतिग्रस्त भएका त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पस र प्राविधिक शिक्षालयको पुनःनिर्माण कार्य थालिने बताए। विद्यालय भवन पुनःनिर्माणका लागि रु एक खर्ब १० अर्ब ७९ करोड ७४ लाख आवश्यक पर्नेमा हालसम्म रु ५३ अर्ब १९ करोड ३९ लाख खर्च भइसकेको छ। चालू आवका लागि रु १८ अर्ब ६० करोड ३४ लाख विनियोजन गरिएको छ। एकाइका आयोजना उपनिर्देशक डा युवराज पौडेलले बजेट अभावले सबै विद्यालयको पुनर्निर्माण गर्न नसकिएको बताए।

## नेपालद्वारा मलेसिया पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**

नेपालले मलेसियालाई पराजित गर्दै त्रिकोणात्मक टी-ट्वान्टी क्रिकेट सिरिजको फाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको अन्तिम लिग खेलमा नेपालले मलेसियालाई ६९ रनले पराजित गरी शीर्ष स्थानमा रहँदै फाइनल पुगेको हो। नेपालले दिएको २१८ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको मलेसियाले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनमा समेटियो। मलेसियाका अमिनुद्दीन राम्लीले १८ बलमा ५ छक्का र १ चौकासहित सर्वाधिक ४१ रनको योगदान दिए। त्यस्तै कप्तान अहमद फाइजले ३१, विरनदीपसिंहले १३, फिटी सामले १४ तथा मोहम्मद वाफिकले १२ रन बनाए। बलिङतर्फ नेपालका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रियसभा सदस्यको उपनिर्वाचन जेठ ६ गते

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**

आगामी जेठ ६ गते बिहीबारका लागि राष्ट्रियसभा सदस्यको उपनिर्वाचन हुने भएको छ। वाग्मती प्रदेश अन्य समूहतर्फबाट राष्ट्रियसभा सदस्य पदमा निर्वाचित रामबहादुर थापा मगरको रिक्त पदपूर्तिका लागि उपनिर्वाचन हुन लागेको हो। राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६१ ले कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको ३५ दिनभित्र सरकारले तोकेको मितिमा आयोगले रिक्त पदको बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानूनी व्यवस्था छ। कानूनी व्यवस्थाबमोजिम सरकारको निर्णय अनुसार निर्वाचन आयोगको परामर्शमा उपनिर्वाचनको मिति तोकिएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए। संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता कायम रहेका राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनार्थ यही वैशाख १० देखि १४ गतेसम्म आयोगमा निवेदन दिन सूचना गरिएको छ।

उपनिर्वाचनको घोषणासँगै आयोगले आजदेखि उपनिर्वाचन तयारीसम्बन्धी कार्य प्रारम्भ गरेको पनि प्रवक्ता श्रेष्ठले विज्ञप्तिमार्फत जानकारी दिएका छन्।

## गण्डकी प्रदेशलाई खेलकुदको अग्रणी प्रदेश बनाउनु पर्छ-मन्त्री पुन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**



गण्डकी प्रदेश सामाजिक विकास मन्त्री नरदेवी पुन मगरले गण्डकी प्रदेशलाई खेलकूदको अग्रणी प्रदेशको रुपमा उभ्याउन नवगठित प्रदेश खेलकूद परिषद र जिल्ला खेलकूद नेतृत्व सफल हुने विश्वास व्यक्त गरेकी छन्।

मन्त्रालयमा बिहिबार आयोजित गण्डकी प्रदेश खेलकूद परिषदका सदस्यहरु र जिल्ला खेलकूद विकास समितीका अध्यक्ष तथा पदाधिकारीहरूलाई मनोनयन पत्र वितरण तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै मन्त्री पुनले उक्त कुरा बताएकी हुन्। सो अवसरमा मन्त्री पुनले भनिन-"आफूलाई प्राप्त जिम्मेवारीको वोध गर्दै अघि बढ्न तथा धेरै भन्दा धेरै नागरिकलाई खेलकूदमा आवद्ध गराउन सकेमात्रै सफलता प्राप्त गर्न सक्ने छौं।"

प्रदेश खेलकूदको अध्यक्ष समेत रहेकी मन्त्री पुनले प्रदेश सरकारले अगाडी सारेका दुई महत्वपूर्ण परियोजना मध्ये हाई अल्टिच्युड रंगशालाको निर्माण र गल्फ कोर्षका लागि खेलकूद परिषदले पूर्णता दिनमा आफू विश्वस्त रहेको बताउँदै भनिन-"नैतिक चरित्र र आर्थिक पारदर्शिता भयो भने मात्रै समाजले खेलकूदलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउने भएकोले त्यसतर्फ सजगताका साथ अघि बढ्न आग्रह गर्छु।" उनले विद्यालयका शिक्षक तथा जनप्रतिनिधिहरुलाई समेत खेलकूदको मर्मका बारेमा अझै चेतना जागृत गर्न आवश्यक रहेको धारणा अघि सार्दै ५६ वटा पालिकामा एक गाउँ एक खेल मैदानको निर्माण कार्य शुरु भइसकेको बताइन्। कार्यक्रममा मन्त्रालयका सचिव बिनोद बहादुर कुँवरले समृद्ध प्रदेशको रुपमा अगाडी बढाउन खेल क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउँदै प्रदेशको खेलकूदको सम्वर्द्धन र प्रवर्द्धन गर्न नवगठित खेलकूद परिषदले भूमिका निर्वाह गर्ने बताए। सो अवसरमा गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले गण्डकी प्रदेश खेल क्षेत्रकै अग्रज प्रदेश भएकोले पनि सबैलाई समेटेर खेलकूद विकासमा अघि बढ्ने प्रतिवद्धता जनाए। उनले सामाजिक विकास र रुपान्तरणका लागि पनि खेलकूदको अपरिहार्यता रहेको धारणा अघि सार्दै समाजका हरेक अङ्गले खेलकूदको बारेमा चर्चा गर्नु पर्ने वातावरण बनाउन आवश्यक रहेको बताए।

कार्यक्रममा नव गठित गण्डकी खेलकूद परिषदका सदस्य दिल बहादुर गुरुङ,खेलकूद महाशाखाका प्रमुख तेज प्रसाद काफ्ले, नव गठित कास्की जिल्ला खेलकूद विकास समितीका अध्यक्ष तोरण बहादुर बानियाँ, पश्चिमाञ्चल क्षेत्रिय खेलकूदका निर्देशक कृष्ण तिमिल्सिना, खेलकूद महाशाखाका प्रकाश ओझा लगायतले गण्डकी प्रदेशमा आयोजना हुने नवौराष्ट्रिय खेलकूद प्रतियोगिताको भव्य तयारी सँगै खेलकूदका प्रशिक्षण कार्यक्रमहरुलाई समेत अगाडी बढाउने बताएका थिए।

गण्डकी प्रदेश सरकारले प्रदेश खेलकूद र जिल्ला खेलकूदलाई पूर्णता दिए सँगै अव प्रदेश खेलकूद चलायामान हुने अपेक्षा गरिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाई



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नेलम्बो नेपालको सहयोग वडा नं १० मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**



पोखरा महानगरपालिका वडा नं - १० को बिशेष अनुरोधमा नेलम्बो नेपाल कास्कीद्वारा कोरोना भाईरस तिब्र रूपमा बढ्दै गएको अबस्थामा वडा नं १० का जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरूको स्वास्थ्यको ध्यान राखी कोरोना संक्रमण न्यूनिकरण गर्ने सामागि्र हस्तान्तरण गरेको छ।

उक्त सहयोग हस्तान्तरण कार्यक्रममा वडा नं १० का कार्यबाहक वडा अध्यक्ष सम्मर बहादुर श्रेष्ठलाई नेलम्बो नेपालका कर्मचारी किसान कोईराला सहयोग सामागि्र हस्तान्तरण गर्नु भएको कार्यक्रममा कार्यबाहक वडा अध्यक्ष सम्मर बहादुर श्रेष्ठले मानबीय सेवामा हरदम लागी पर्ने उदेश्य राखी पोखराको लिचिबोटमा अफिस संचालन गरि हाल बिश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस संक्रमण न्यूनिकरण गर्न कास्की लगायत वरपरका छिमेकी जिल्लाहरूमा समेत सेवा मा अग्रसर रहेको नेलम्बो नेपाल कास्कीले वडा नं १० सेवा ग्रहीलाई वडामा डकुमेन्ट पेश गर्नु अगाडि नै सेनिटाईजर लगाएर मात्रै पेश गर्न सेनिटाईजर समेत को स्ट्यान्ड, माक्स, सेनिटाईजर, सेनिटाईजर स्प्रे बल र साबुन सहयोग हस्तान्तरण गरि उदाहरणीय काम गरेको श्रेष्ठले बताए। सहयोग हस्तान्तरण कार्यक्रममा नेलम्बो नेपाल का कार्यक्रम संयोजक किसान कोईरालाले कोरोना भाईरस पहिलो चरणको भन्दा हाल फैलिएको दोस्रो चरणको भाईरस अलि बढि एक्टिभ भेटको हुदा सर्बप्रथम आफै सचेत रहनु पर्ने बताउनु हुदै कोरोना भाईरस लाई केहि न्यूनिकरण गरान नेलम्बो नेपालले केहि सामागि्रहरू सहयोग गर्दै आईरहेको र यस वडालाई समेत सहयोग गरि वडामा कोरोना भाईरस संक्रमण न्यूनिकरण होस भन्ने शुभकामना दिए । कोरोना भाईरस संक्रमण न्यूनिकरण सामागि्र हस्तान्तरण कार्यक्रममा वडा नं १० का वडा सदस्य दिपक बहादुर थापा, वडा सदस्य प्रतिभा बिक पोखरेल, ई.अमिर भन्डारी र नेलम्बो नेपाल कास्कीका कर्मचारी कृष्ण प्रसाद देवकोटा लगायतका बक्ताहरुले आ आफ्नो बिचार राख्दै नेलम्बो नेपालले गरेको सहयोगको प्रशंसा गरे। कार्यक्रममा वडा नं १० का डा सदस्य निशा मल्ल ठकुरीले स्वागत गरेको सहयोग सामागि्र हस्तान्तरण कार्यक्रममा वडा नं १० का कार्यबाहक वडा अध्यक्ष सम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न गरिएको कार्यक्रममा सहयोगी सस्था नेलम्बो नेपाललाई धन्यबाद ज्ञापन गरि सम्पन्न कार्यक्रममा वडा सचिव हरिकृष्ण आचार्यले संचालन गरेका थिए।

# प्रगतिपथमा प्रशंसा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**




पोखराको सिद्ध मावि, फलेपाटन कक्षा ५ मा पढ्दै गरेकी प्रशंसा क्षेत्रीलाई एक दिन बावुले तेक्वान्दो सिक्न लगे । शुक्रराज तेक्वान्दो डोजाङमा भर्ना भएर उनले आफ्ना गुरु कृष्ण श्रेष्ठसँग खेल सिक्न थालिन्।

त्यस बेला १३ वर्षीया सुन्दरी प्रशंसालाई बिस्तारै विभिन्न कौशलले मोह लाग्यो । त्यस दिनदेखि सुरु भएको खेल यात्राले सागमा स्वर्णसम्म चुमेको छ।

अभिभावक बावुले हात समाउँदै डोजाङ पुऱ्याएको त्यो क्षण उनलाई ताजै छ । प्रशंसा भन्छिन्, 'बुवा अहिले संसारमा हुनुहुन्न। यदि उहाँ भएको भए कति खुसी हुनुहुन्थ्यो होला ।' सागमा पहिलोपल्ट तेक्वान्दोमा (पुम्से विधा) १३ औं संस्करणदेखि सुरु भएको हो। प्रशंसाको अन्तर्राष्ट्रिय सहभागिता पनि यहीबाट भयो । यसरी पहिलो सहभागितामै २४-२९ वर्ष उमेर समूहमा टिम इभेन्टतर्फ स्वर्ण जितेर नाम चम्काउन सफल भएकी हुन्।

२०५१ सालमा जन्मेकी उनको जन्मस्थल स्याङ्जाको हरिनास गाउँपालिका-२, चिसापानी हो । बावु पिनराज भण्डारी क्षेत्री र आमा धनमाया भण्डारी क्षेत्रीका ४ सन्तानमा उनका १ दाइ र २ भाइ छन्। स्याङ्जाबाट पोखरा बसाइँ सरेसँगै उनले सिद्ध माविबाटै एसएलसी उत्तीर्ण गरिन् । जिल्ला, क्षेत्रीय स्तरको प्रतियोगिता जित्दै प्रगतिपथमा अगाडि बढेकी उनले दोस्रो काठमाडौं इन्टरनेशनल गेम्समा स्वर्ण, १२ औं अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसीपतेक्वान्दोच्याम्पियनसीप, इटहरीमा स्वर्ण, प्रथम एभरेस्ट नेशनल ओपन गेम्समा रजत जितेकी छन्। पछि राष्ट्रिय टिममा परेसँगै इण्डोनेसियामा आयोजित हाम्मादाङ च्याम्पियनसीपमा सहभागिता जनाएकी थिइन्।

सुरुआतमा तेक्वान्दोमा क्योरोगीमै फाइटमा भिडिन्। पछि गुरुहरुको सल्लाहमा पुम्से खेलेको बताइन् । हाल त्रिभुवन आर्मी क्लबमा आबद्ध प्रशंसाको एशियन तथा वर्ल्ड च्याम्पियनमा भाग लिने लक्ष्य छ । 'रहरै रहरमा लागियो। गेममा केही गर्न सकिन्छ कि भनी कठोर मिहिनेत गरिराखेकै छु,' उनी आशावादी बनिन्। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पाँचौं पोखरा स्पोर्टस् अवार्डमा वर्ष उत्कृष्ट महिलातर्फ मनोनयनमा परेकोमा आफूलाई निकै खुसी लागेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'राम्रो फिल भएको छ। जन्मस्थल स्याङ्जा भए पनि कर्मस्थलो पोखरा हो । आफ्नो गाउँठाउँमा सम्मान पाउनु भनेको ठूलो कुरा हो । गण्डकी प्रदेश भनेको मेरो अभिभावक हो।'

यो विधामा प्रशंसा सहित तेक्वान्दोकै पार्वती गुरुङ र साइक्लिङकी जमुना थापा मनोनयनमा छन् । उत्कृष्टले २ लाख सहित अवार्ड प्राप्त गर्ने मञ्चका महासचिव एवं प्रचार संयोजक विजय नेपालले बताए।

# चापाकोट नगरपालिकाका सम्पूर्ण सेवा बन्द

**पोखरापत्र संवाददाता**
**वालिङ, ९ बैशाख**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को दोस्रो लहर समुदायस्तरमा देखिएसँगै एक हप्ताका लागि चापाकोट नगरपालिकाका सम्पूर्ण सेवा बन्द गरिएको छ।

नगरपालिकामा कार्यरत कर्मचारी, विद्यालयका शिक्षक र समुदायस्तरमा कोरोना सङ्क्रमित व्यक्ति भेटिएपछि नगरपालिकाको अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा एक हप्ता बन्द गर्ने निर्णय गरिएको नगरप्रमुख शिवकुमार गिरीले बताए । भारतको हरिद्वारमा लागेको कुम्भमेलामा गएर फर्किएकामध्ये पाँच जनामा कोरोना पुष्टि भएपछि जोखिम बढ्न नदिनका लागि यही वैशाख १३ गतेसम्मका लागि सम्पूर्ण सेवा बन्द गरिएको नगरप्रमुख गिरीले बताए।

"नगरपालिकाअन्तर्गतका कर्मचारी, शिक्षक र समुदायमा समेत कोरोना सङ्क्रमण पुष्टि भएको छ", नगरप्रमुख गिरीले भने, "सङ्क्रमणलाई थप बढ्न नदिन तथा जोखिम न्यूनीकरणमा उच्च सतर्कता अपनाउँदै एक हप्ताका लागि नगरपालिकाले प्रदान गर्ने अत्यावश्यकबाहेकका सेवा बजार, पसल, बैंक तथा वित्तीय संस्था बन्द गर्ने निर्णय गरिएको हो ।" कोरोना सङ्क्रमण समुदायस्तरमा पनि देखिएकाले जोखिम न्यूनीकरणका लागि अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन र उच्च सतर्कता अपनाउन नगरवासीमा अनुरोध गरिएको नगरपालिकाका सूचना अधिकारी बिन्दु कोइरालाले बताइन । यस अवधिमा शैक्षिक संस्थाका पूर्वनिर्धारित परीक्षा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सम्पूर्ण सेवा स्वास्थ्यका मापदण्ड पूरा गर्दै सञ्चालन गरिने सूचना अधिकारी कोइरालाले बताइन।

# पोखराका संक्रमितको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ बैशाख**

पोखराका कोरोना सङ्क्रमितको यहाँ मृत्यु भएको छ । मृत्यु हुनेमा पोखरा महानगरपालिका-८ का ७२ वर्षीय छन्।

मुटु, मधुमेह, रक्तचाप र निमोनियाको समस्या भई यही वैशाख ५ गते पुरानो मेडिकल कलेजमा भर्ना भएका उनको उपचारका क्रममा बिहीबार बिहान ६:३० बजे मृत्यु भएको अस्पतालले जनाएको छ। अस्पतालका अनुसार उनलाई वैशाख ६ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमण पुष्टि भएसँगै उनको कोभिड सघन उपचारकक्षमाउपचारकाक्रममामृत्यु भएको हो।

## नेपालद्वारा ...

कमलसिंह ऐरी, सन्दीप लामिछाने र सोमपाल कामीले समान तीन /तीन विकेट लिए भने सुसन भारीले एक विकेट लिए। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ७ विकेटको क्षतिमा २१७ रन बनाएको थियो । नेपालका लागि करण केसीले सर्वाधिक ४५ रनको योगदान दिए। आसिफ शेखले ४२ रन जोड्दा कप्तान ज्ञानेन्द्र मल्लले ४१ रन बनाए । त्यस्तै दीपेन्द्रसिंह ऐरीले ३३, कुशल मल्लले १९, कुशल भुर्तेलले १६ तथा विनोद भण्डारीले ८ रन जोडे।

## Pokhara Metropolitan City
## Office of Municipal Executive
**Newroad, Pokhara**

# Invitation for Re-Bids

**IFB No: 28/PMC/077-078**
**(Date of publication: 2078/01/10)**

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara** invites **online re-bids for SQ Contracts** under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 77/PMC-Re/SQ/ W/R/077-78 | Manipal Hospital Road Repair Works, PMC-11 | 1,000 | 21,000.00 | 7,19,833.39 | 75 days |
| 2 | 78/PMC-Re/SQ/ W/R/077-78 | Prithvi Rajmarga to Khyalyad Road Construction Works, PMC-29 | 1,000 | 35,000.00 | 12,27,265.29 | 75 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For SQ Contract | | | 05/07/2021 | 17:00 | 05/09/2021 | 12:00 | 05/09/2021 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp,** as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.


**Chief Administrative Officer**




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अझै पाएनन् स्वास्थ्यकर्मीले जोखिम भत्ता

– तारानाथ आचार्य
बागलुङ, ९ बैशाख (रासस)

कोरोना महामारीको समयमा अग्रपङ्क्तिमा काम गरेका बागलुङका स्वास्थ्यकर्मीले एक वर्षदेखि जोखिम भत्ता पाएका छैनन् । सरकारले पहिलो लाइनमा बसेर काम गर्ने स्वास्थ्यकर्मीलाई शतप्रतिशत र दोस्रो लाइनमा खटिने लाई ५० प्रतिशत जोखिम भत्ता दिने निर्णय गरेको थियो ।

धवलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा शैलेन्द्र पोखरेलका अनुसार आइसोलेसनमा लगातार तीन/चार महिनासम्म खटिएका चिकित्सक र नर्स मात्रै २५ जनाले जोखिम भत्ता पाएका छैनन् । प्रयोगशालामा खटिने १०/१० पालिकामा स्थापना भएका कोभिड अस्पतालका पाँच जनाको दरले ५० जना, १० चालक र स्वास्थ्य संस्थामा कार्यरत थप १०० गरी झण्डै २०० जनाले अहिलेसम्म भत्ता नपाएको स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले जानकारी दिनुभयो ।

गत वर्ष क्वारेन्टिन सञ्चालनमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीले पनि भत्ता पाएका छैनन् । “सङ्क्रमणदर बढिरहँदा पनि क्वारेन्टिन र आइसोलेसन थप गर्ने विषयमा चासो बढ्न सकेको छैन”, उहाँले भन्नुभयो, “काम गरेको केही पाईदैन भनेर धेरै साथी सुस्ताएका छन् ।” “गत आर्थिक वर्षको असार महिनाको भत्ता पाएका छैनौं, यसपछि सङ्क्रमण बढेर चौबीसै घण्टा खटिनेलाई पनि केही रहित भएन”, कार्यालयका कोभिड स्रोत व्यक्ति देवप्रकाश घिमिरेले भन्नुभयो, “कार्यालयको नियमित कामबाहेक जोखिममा खटिँदा केही नपाएपछि निराशा बढेको हो ।”

जोखिम मोलेर काम गर्दा अग्रपंक्तिमा खटिने ५० बढी स्वास्थ्यकर्मी, केही एम्बुलेन्स चालक र सहयोगीलाई कोरोना सङ्क्रमण भएको थियो । उनीहरू अहिले नियमित खटिन डराएको कार्यालय प्रमुख गुरौले बताउनुभयो । जोखिम भत्ताका लागि स्वास्थ्य मन्त्रालयसम्म पत्राचार गरे पनि भत्ता नआएको उहाँको भनाइ छ ।

अस्पताल विकास समितिले पनि जोखिममा खटिएकाको सेवासुविधाका लागि पहल गरिरहेको अध्यक्ष केवी रानामगरले बताउनुभयो । गत वर्ष जोखिम भत्ताका लागि एक करोड बजेट आयो भनेर चर्चा भए पनि त्यो व्यवस्थापकीय काममा मात्रै खर्च भएको उहाँको भनाइ छ ।

## बीमा रकम संस्कृत पाठशालालाई

सहकारीमा काम गर्ने एक कर्मचारीले कोरोना बीमामार्फत पाएको रकम सामाजिक क्षेत्रमा सहयोग गर्नुभएको छ । जिल्लाको सिवाइसी बचत तथा ऋण सहकारीका प्रमुख कार्यकारी अधिकृत कवि न्यौपानेले कोरोना बीमामार्फत पाएको रकममध्ये २५ हजार जिल्लाको जैमिनी नगरपालिका-२ स्थित जैमिनी संस्कृत आधारभूत पाठशालालाई सहयोग गर्नुभएको हो । पाठशालामा आयोजित कार्यक्रममा सहयोग रकमको रु २५ हजार बराबरको चेक न्यौपाने र सहकारीका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलले पाठशाला व्यवस्थापन समितिका अध्यक्ष टङ्कप्रसाद सापकोटा र पाठशालाका प्रअ दीपक न्यौपानेलाई हस्तान्तरण गर्नुभयो । सिवाइसी बचत तथा ऋण सहकारीका अध्यक्ष पौडेलले नेपाली भाषाको जननीका रूपमा संस्कृतलाई लिने गरिएकाले संस्कृत भाषाको संरक्षण गर्नुपर्ने बताउनुभयो । सहयोगदाता न्यौपानेले कोभिड बीमामार्फत प्राप्त रकम कोरोनाबाट प्रभावित क्षेत्रलाई सहयोग गर्ने उद्देश्यले पाठशालामा सहयोग गरेको बताउनुभयो । देशका विभिन्न जिल्लाका २३ विद्यार्थीले आवासीय सुविधासहित अध्ययन गर्ने विद्यायमा अक्षयकोष निर्माणमा सघाउने उद्देश्यले सहयोग गरेको बताउनुभयो । उहाँले गरेको सहयोग रकमबाट पाठशालामा अक्षयकोष निर्माण गर्ने पाठशाला व्यवस्थापन समितका अध्यक्ष सापकोटाले बताउनुभयो । विभिन्न दाताको सहयोगकै भरमा पाठशाला सञ्चालन भइरहेकाले सहयोगलाई संस्थागत र दिगो बनाउन अक्षय कोष निर्माण गर्ने सापकोटाले बताउनुभयो ।

## उत्पादन बढाउन रुख काट्ने अभियान

खेतीपातीको उत्पादन बढाउने र गाउँको झाडी हटाउने अभियानस्वरूप बागलुङको काठेखोला गाउँपालिका-५ र ६ मा रुख काट्ने अभियान शुरु भएको छ । अघिल्लो वर्षदेखि शुरु भएको अभियानलाई यो वर्ष तीव्रता दिइएको हो । खेतबारीका छेउ कुनामा रहेका रुखको तप्केनीले उत्पादनमा असर गरेको भन्दै किसानकै सल्लाहमा रुख काट्ने अभियान थालिएको हो ।

यहाँका बासिन्दाले घर वरिपरिको बारीमा सुन्तला, अदुवा र बेसार खेती गर्दै आएका छन् । उत्पादन बढाउन वडा कार्यालयकै अगुवाइमा रुख काट्ने अभियान थालिएको हो । गत वर्षदेखि थालिए पनि पूरा नभएको कामलाई यो वर्ष सक्ने लक्ष्य राखिएको वडा नं ५ का अध्यक्ष शिवप्रसाद कँडेलले जानकारी दिनुभयो । “काम नलाग्ने ठूला रुख काट्न चुनौतीपूर्ण नै रहेछ”, वडा नं ६ का अध्यक्ष युक्तप्रसाद कँडेलले भन्नुभयो, “काटेका रुखको व्यवस्थापन गर्ने कामले पनि लामो समय लियो ।”

अग्ला र अनुत्पादक रुखले उत्पादनमा असर गरेको कुरा बुझेपछि उपभोक्ता समितिमार्फत रुख काट्ने अभियान गरेको समितिका अध्यक्ष ऋषिराम कँडेलले बताउनुभयो । “किसानको उत्पादनमा दोब्बर वृद्धि गर्ने र सबैलाई व्यावसायिक बनाउने लक्ष्य छ”, उहाँले भन्नुभयो, “जथाभावी रुख ढाल्दा घर र सुन्तला नष्ट हुने भएपछि मेसिनमार्फत काम गरेका छौँ ।” वडा कार्यालयले लगानी गरेर मेसिन खरिद गरिदिएपछि पालैपालो अग्ला रुख काट्ने अभियान थालिएको उहाँले जानकारी दिनुभयो । यो अभियानले जङ्गली जनावरको समेत डर हटेको स्थानीयबासीले बताए । ठूला रुख कटान गर्दा काठका रूपमा प्रयोगसमेत भएको छ । स्याउला भने कम्पोस्ट मलको रूपमा प्रयोग गरिएको छ । वडा ५ र ६ को बिहुँ गाउँबाट मात्रै वर्षेनी रु दुई करोडभन्दा धेरै मूल्यको सुन्तला बजारमा जाने गर्छ । घरघरका किसानले सडक छेवैमा बसेर पनि लाखौँको सुन्तला बेच्छन् । सिङ्गो गाउँ नै सुन्तला गाउँका रूपमा परिचित बन्दै गएपछि अन्य अवरोध हटाएर किसानलाई व्यावसायिक बनाउन थालिएको वडा नं ६ का अध्यक्ष युक्तप्रसाद कँडेलले बताउनुभयो । यहाँका किसानले व्यावसायिक पशुपालन गरेर दूधको समेत बिक्री गर्छन् । दुधालु पशु चौपायका लागि आवश्यक घाँससमेत रुख काटेपछि आफ्नै खेतबारीमा उत्पादन हुने किसान रुद्रप्रसाद कँडेलले बताउनुभयो ।

# भानुभक्त प्राणी उद्यानमा १२४ प्रजातिका चरा फेला

पोखरापत्र संवाददाता
तनहुँ, ९ बैशाख

तनहुँको व्यास नगरपालिका-१२ स्थित भानुभक्त प्राणी उद्यानमा एक साताको अवधिमा १२४ प्रजातिका चरा भेटिएका छन् । यही बैशाख १ देखि ७ गतेसम्म गरिएको अनुगमनका क्रममा ती प्रजातिका चरा भेटिएका हुन् ।

गर्मीयामको चरा अनुगमनबाट फेला परेका चराका ती प्रजातिको अभिलेख राख्ने काम सम्पन्न भएको प्राणी उद्यानका संरक्षण अधिकृत रूपक महर्जनले जानकारी दिनुभयो । तीमध्ये ३६ प्रजातिका चरा गत वर्ष सम्पन्न भएको हिउँदे अनुगमनका क्रममा फेला नपरेका चरासमेत छन् । उहाँका अनुसार गत वर्ष हिउँदे अनुगमनका क्रममा १४१ प्रजातिका चरा अभिलेख गरिएको थियो । अद्यावधिक अभिलेखानुसार प्राणी उद्यान क्षेत्रभित्र १७६ प्रजातिका चरा रहेको बताइएको छ ।

“सानो क्षेत्रफल भएको उद्यानमा १७६ प्रजातिका चरा भेटिनु वन्यजन्तु संरक्षणको दृष्टिकोणले सुखद् र उत्साहप्रद हो”, उहाँले भन्नुभयो । चार सय २५ हेक्टर क्षेत्रफलमा फैलिएको उद्यानमा अनुगमनका क्रममा प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय सङ्घको सङ्कटापन्न सूचीमा रहेको विश्वमा दुर्लभ मानिएको गोमायु महाचील र सेतो गिद्ध, संवेदनशील सूचीमा रहेको हिमाली गिद्ध, चश्मे उलुक र घेघरी झाडीफिस्टोसहित रेकर्ड गरिएको छ । साथै नेपालमा मात्र पाइने चरा काँडे भ्याकुरलगायत विभिन्न रैथाने, हिउँदे र ग्रीष्मकालीन आगन्तुक चरा रेकर्ड गरिएको छ ।

उद्यानका सबै क्षेत्रलाई समेटिने गरी लाइन ट्रान्जेक्ट बनाई बिहान र बेलुका पैदल हिँडी अनुगमन गरिएको थियो । चरा प्रत्यक्ष देखेर वा स्वर सुनेका आधारमा पहिचान गरी ‘मेकानेन’ विधिबाट अभिलेख राखिएको थियो । उक्त कार्यका लागि बाइनाकुलर, क्यामेरा र चरा पहिचान पुस्तकको प्रयोग गरिएको थियो । चरा अनुगमनको यही बैशाख १ गते २६औँ वन्यजन्तु सप्ताहको अवसर पारी शुभारम्भ गरिएको थियो ।

नेपालका विभिन्न स्थानमा पाइने वन्यजन्तुको प्रतिनिधिमूलक वनका रूपमा संरक्षण गर्ने, मध्यपहाडी वन क्षेत्रका घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार गरी संरक्षण एवं संवर्द्धन गर्ने, वंशाणुगत विविधता संरक्षण गर्ने, प्रयोगशाला अध्ययन, अनुसन्धान प्रवर्द्धन गर्दै संरक्षित क्षेत्रमा वन्यजन्तुको वैज्ञानिक व्यवस्थापनमा विकास गर्नेलगायत उद्देश्य राखेर सरकारले भानुभक्त प्राणी उद्यानको कामलाई अगाडि बढाएको छ । सो उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ । प्राणी उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन क्षेत्र समावेश गरिएको छ ।

# तीन शताब्दी पुरानो ऐतिहासिक कोतको पुनःनिर्माण

रासस
म्याग्दी, ९ बैशाख

तीन शताब्दी पुरानो इतिहासको साक्षी बनेको म्याग्दीको बेनी नगरपालिका-५, पुलाचौरको सिद्धिदात्री भगवती कोत मन्दिरको पुनःनिर्माण गरिएको छ । तत्कालीन पर्वत राज्यअन्तर्गतको ऐतिहासिक डढेकोट दरबारसँग सम्बन्ध राख्ने कोत मन्दिरको पुनःनिर्माण पछि रामनवमी पर्वको अवसर पारेर उद्घाटन गरिएको हो । तत्कालीन पर्वते राजा डिम्बवम मल्लले शक्तिस्वरूपा देवीको पूजाआजा गर्ने र हातहतियार भण्डारण गर्ने ठाउँलाई पुनःनिर्माण गरी चिटिक्क बनाएर सिद्धिदात्री भगवती कोत मन्दिर नामकरण गरिएको हो ।

यस कोतको इतिहास राजा डिम्बवम मल्लको विरासतसँग जोडिएको छ । डिम्बवम मल्लले डढेकोट दरबार नजिकै कोतघर बनाएर नित्य पूजाआजा गर्नुका साथै हातहतियार भण्डारण गर्ने तत्कालीन कोत डढेकोट दरबारमा आगलागी हुँदा डढेर नष्ट भएको थियो । नेपालको संक्षिप्त इतिहास नामक पुस्तकमा उल्लेख भएअनुसार ढोलठान तत्कालीन पर्वत राज्यअन्तर्गतको सबैभन्दा शक्तिशाली राज्य थियो । यहाँका राजा डिम्बवम मल्लले ढोलठानलाई ग्रीष्मकालीन र बेनीलाई शीतकालीन राजधानी बनाएका थिए । गर्मीमा ढोलठान र जाडोमा बेनीको दरबारमा बसेर राज्य सञ्चालन गर्ने गरेका प्रशस्तै प्रमाण भेटिएका इतिहासकार चन्द्र बानियाँले बताउनुभयो । उहाँका अनुसार यस क्षेत्रमा प्रचलित ‘कहिले राजा बेनी बागलुङ, कहिले राजा ढोर’ लोकगीतले पनि राज डिम्बवम कहिले बेनी र कहिले ढोलठानलाई राजधानी बनाउथे भन्ने कुराको पुष्टि गर्दछ ।

विसं १८४२ मा दोस्रो पटक बहादुर शाहले गोरखा र पाल्पाको संयुक्त फौज पठाई पर्वते सेनालाई पराजित गरेपछि पर्वत राज्यलाई विशाल नेपालमा गाभ्न सफल भए । यस्तो दर्बिलो र गर्बिलो इतिहास रहेको ऐतिहासिक विरासतको स्थल डढेकोट दरबार अहिले भने अलपत्र अवस्थामा रहेको स्थानीय वृद्धिजीवी नीलकण्ठ शर्माले जानकारी दिनुभयो । राजा डिम्बवम मल्लले पुरातात्विक शैलीमा निर्माण गरेको दरबारमा आगलागी भएपछि उनले ढोलठानमा पुनः अर्को दरबार बनाए तल सेरेका र आगो लागेर डढेकोले पुरानो दरबार रहेको ठाउँलाई डढेकोट दरबार भनिएको स्थानीय शिक्षक एवं बुद्धिजीवी शिव बानियाँले बताउनुभयो । डढेकोट दरबार रहेको ठाउँका ढुङ्गार पर्खाल अहिले अलपत्र अवस्थामा रहेका छन् । दरबार नजिकै रहेको कोत भने स्थानीयवासीले सुरक्षित राखेका छन् । त्यो कोतमा विभिन्न आकृतिका ढुङ्गाका मूर्ति, त्रिशूललगायतका पुरातात्विक सामग्री अहिलेसम्म पनि सुरक्षित छन् । आगलागी भएपछि सो कोत कसले कहिले पुनःनिर्माण गरेको हो भन्ने कुरा खुल्न सकेको छैन तर त्यहाँका स्थानीयवासीले यस्तो ऐतिहासिक कोतको संरक्षण गर्नुपर्छ भन्ने मनसायले २०२४ साल असोज १८ गते सोही स्थानमा कोत मन्दिर स्थापना गरी पूजाआजाको थालनी गरेको मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष रामप्रसाद पौडेलले बताउनुभयो । त्यसपछि सो मन्दिर जीर्ण भएकाले २०७६ साल चैत २६ गते शिलान्यास गरी अहिलेको भव्य मन्दिरको पुनःनिर्माण शुरु गरिएको थियो । यो मन्दिरमा ५० वर्ष पुरानो दुर्गा भगवतीको मूर्ति राखिएको छ भने शिरमा ढुङ्गाको गजुर हालिएको छ । डढेकोट राजदरबारको अवशेष मानिने पुलाचौर भगवती कोतको गण्डकी प्रदेशसभा सदस्य विनोद केसी र बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले संयुक्तरूपमा उद्घाटन गर्नुभएको हो । मन्दिरको उद्घाटन कार्यक्रममा प्रदेशसभा सदस्य केसीले पुलाचौर धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र भएकाले धार्मिक क्षेत्रको विकासमा भविष्यमा थप सहयोग जुटाउने प्रतिबद्धता जनाउनुभयो । त्यस्तै बेनी नगरका प्रमुख श्रेष्ठले नगरभित्र रहेका सयौँ वर्ष पुराना धार्मिकस्थलको मर्मत तथा जीर्णोद्धारका लागि नगरपालिकाले सहयोग गरिरहेको बताउनुभयो ।

मन्दिरको उद्घाटन कार्यक्रममा गलेश्वर क्षेत्र विकास कोषका सचिव एवं मन्दिरका सल्लाहकार माधवप्रसाद रेग्मी एवं कार्यवाहक वडाध्यक्ष रामप्रसाद सुवेदीले मन्तव्य राख्नुभएको थियो । सोही अवसरमा पण्डित टीकानान्द सुवेदीले भगवती महिमाका बारेमा प्रवचन दिनुभएको थियो । पुरानो तथा ऐतिहासिक महत्व बोकेको कोत जीर्ण अवस्थामा पुगेपछि गण्डकी प्रदेश सरकार, बेनी नगरपालिका र स्थानीयवासीको आर्थिक सहयोगसहित कूल रु ४३ लाखको लागतमा पुनःनिर्माण गरिएको हो ।

# हुम्लामा हिमपात, सर्वसाधारण अचम्मित

रासस
काठमाडौं, ९ बैशाख

उच्च हिमाली जिल्ला हुम्लामा वैशाख महिनामा हिमपात हुँदा यहाँका नागरिक अचम्मित भएका छन् । पुस, माघ र फागुन तीन महिना मात्रै हिमपात देखेका यहाँका नागरिकलाई वैशाख महिनामा हिमपात हुँदा जलवायु परिवर्तनले हिउँ परेको हो कि भन्ने लागेको छ । आफूले वैशाखमा हिमपात भएको देखेको यो पहिलो पटक भएको सिमकोट-२ का गोकुल बोहराले बताउनुभयो ।

बुधबार रातिदेखि जिल्लामा निरन्तर हिमपात हुँदा चिसो बढेको छ भने जताततै सेताम्मे देखिएको छ । विगतका वर्षमा चैत दोस्रो सातादेखि हुम्लामा गर्मी मौसम शुरु हुने गर्थ्यो तर यो वर्ष वैशाख महिनामा हिमपात हुँदा चिसो बढेको छ । हिमपातसँगै जिल्लाको तापक्रम माइनसमा झरेको छ । सिमकोटको अहिले बिहानको तापक्रम माइनस चारमा झरेको छ भने यहाँका नागरिकले फेरि बाक्लो कपडा प्रयोग गर्न थालेका छन् ।

# बेनी-जोमसोम सडक दैनिक नौ घण्टा बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, ९ बैशाख

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडक दैनिक नौ घण्टा बन्द हुन थालेको छ ।

विस्फोटक पदार्थको प्रयोग गरेर स्तरोन्नति र विस्तारको काम गर्न बेनी-जोमसोम-कोरला सडक आयोजनाले यही बैशाख मसान्तसम्म दैनिक नौ घण्टा सवारी आवत जावत रोक्ने समय तालिका सार्वजनिक गरेको हो । आयोजनाको सूचना अधिकारी अश्विनीकुमार यादवले बिहान ६:३० देखि ११ बजेसम्म र दिउँसो २ बजेदेखि साँझ ६:३० बजेसम्म सडक बन्द गरिएको जानकारी दिनुभयो । “म्याग्दी र मुस्ताङको सिमानामा पर्ने बादरजुङभिरमा सडक विस्तारलाई तीव्रता दिन सवारी रोकेर काम गर्ने निर्णय गरिएको हो”, उहाँले भन्नुभयो, “अन्य ठाउँमा पनि निर्माण व्यवसायीले तोकिएको समयमा सडक बन्द गरेर निर्माणको काम गर्न सक्छन् ।” यसअघि गत चैत १४ देखि १९ गतेसम्म काभ्रेभिर र कैकुखोला क्षेत्रमा पूर्णरूपमा सवारी आवतजावत बन्द गरेर सडक निर्माण गरिएको थियो । सडक बन्द हुने स्थानबाहेकका ठाउँमा भने सवारी चल्नेछन् । बेनी-जोमसोम ७६ किमी सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ । प्याकेज नम्बर २ को काभ्रेभिरमा गत पुस १९ गतेदेखि सडक चौडा गर्न शर्मा-गजुरमुखी जेभीले पहाड काट्ने काम गरिरहेको छ । त्यहाँ एक किलोमिटर ६०० मिटर दूरीमा पहाड काट्नुपर्ने जनाइएको छ । काभ्रेभिर बेनी-जोमसोम सडकको जोखिमयुक्त सडक पनि हो । निर्माण कम्पनी शर्मा-गजुरमुखीले नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने काम गरिरहेको छ । करिब रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ बाट निर्माण शुरु भएको हो । एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला सडक ग्राभेल गर्ने काम भइरहेको छ । आयोजनाले जोमसोम-कोरला सडकको सात प्याकेजमध्ये चार प्याकेजको काम निर्माण सकिएको जनाएको छ ।


**Government Province**
**Ministry of Social Development**
**Dhaulagiri Hospital, Baglung**
**Gandaki Province, Nepal**

**Invitation for Bids**

**First date of Publication 23thAprill, 2021 (2078/01/10)**

1. Dhaulagiri Hospital, BaglungInvites the **Sealed Quotation** from eligible bidders for the projects mentioned below. Interested bidders are requested to submit **sealed Quotation** as per instruction within the mentioned period.

| SN | Name of Project | Contract ID | Cost of bid document (NRs) | Estimated cost (NRs) (Excluding VAT) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | Supply of Equipment & others As per Specification. | 08/DH/NCB/G/ 2077/78 | 1000 | 32,14,448.00 | 76,000.00 |

**Last date of bid submission: 09th May, 2021, 12:00 Hrs**

2. Information to Deposit the cost of bidding document & security in Bank.

**For Purchasing Bidding Document**
Name of Office:- Dhaulagiri Hospital, Baglung
Last Date of Purchase Sealed Quotation- 07 May, 2021 (2078/01/24)
Last Sealed Quotation submission Date- 09 May 2021 (2078/01/26)

**Cash Deposit for Bid Security**
Name of the Bank:- Nepal Bank Limited, Baglung
Name of Office:- Dhaulagiri Hospital, Baglung
Office Code No.:- 3500245014
Office's Account No.:- 02202000002003000001

# लाप्राकका भूकम्पपीडितलाई एकीकृत नमूना बस्ती हस्तान्तरण

-दीपक श्रेष्ठ
गोरखा, ९ वैशाख

गोरखाको धार्चे गाउँपालिका-४ स्थित लाप्राकको गुप्सीपाखामा निर्माण गरिएको एकीकृत नमूना बस्ती आज भूकम्पपीडितलाई हस्तान्तरण गरिएको छ।

गोरखा भूकम्पबाट विस्थापित हुनुपर्ने अवस्थामा पुगेका लाप्राकका भूकम्पपीडितको पुनःस्थापनाका लागि निर्माण गरिएको एकीकृत नमूना बस्ती लालपुर्जासहित हस्तान्तरण गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार एकाइ कार्यालय गोरखाका प्रमुख रामशरण आचार्यले जानकारी दिनुभयो । प्राधिकरणका प्रमुख सुशील ज्ञवाली, गोरखा क्षेत्र नं १ का सांसद हरिराज अधिकारी, लगायतको उपस्थितिमा गैरआवासीय नेपाली सङ्घ (एनआरएन) का अध्यक्ष कुमार पन्तले भूकम्प पीडितलाई लालपुर्जा थमाएर बस्ती हस्तान्तरण गर्नुभएको हो । "ढिलै भए पनि लाप्राकका भूकम्पपीडितले घर पाएका छन्", धार्चे गाउँपालिका अध्यक्ष सन्तोष गुरुङले भन्नुभयो, "स्थानीय डम्बरसिंह गुरुङलाई लालपुर्जा उपलब्ध गराएर औपचारिकरुपमा बस्ती हस्तान्तरण भएको छ।"

भूकम्प गएको करीब छ वर्षपछि लाप्राकका भूकम्पपीडितले भूकम्प प्रतिरोधी घर पाएका गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो । पाँच सय ७३ घरधुरी रहेको एकीकृत नमूना बस्तीमा रहेका भूकम्पपीडितलाई उपलब्ध गराउन पर्ने बाँकी लालपुर्जामध्ये तयार भएकाजति गाउँपालिकालाई प्राप्त भएकाले अब गाउँपालिकाले नै बाँकी रहेकालाई लालपुर्जा वितरण गर्ने उहाँको भनाइ छ । "सबै भूकम्पपीडितको लालपुर्जा त बनिसकेको छैन अहिलेसम्म कूल १३० घरधुरीको लालपुर्जा तयार भएको रहेछ", अध्यक्ष गुरुङले भन्नुभयो, "बाँकी रहेकाको आवश्यक कागजपत्र बनाउन प्राधिकरणको टोली लाप्राकमै पुगेर लाभग्राहीको फोटो खिच्ने र विवरण सङ्कलन गर्ने काम भइरहेको छ।" कूल १८ दशमलव ३२ हेक्टर क्षेत्रफलमा फैलिएको एकीकृत नमूना बस्ती गैर आवासीय नेपालीसङ्घ (एनआरएनए) ले निर्माण गरेको हो । एक परिवारका लागि करीब तीन आना तीन पैसा जग्गा परेको नमूना बस्तीमा प्रत्येक घर चार कोठाका दुई तलाका रहेका छन् भने प्रत्येक घरका लागि छुट्टै शौचालयसमेत निर्माण गरिएको छ । बस्तीमा निर्माण भएका घर गोलाप्रथाबाट स्थानीयलाई छुट्याइएको थियो । बस्ती निर्माणका लागि अहिलेसम्म करीब ५७ करोड ६६ लाख रुपैयाँ खर्च भएको एनआरएनएले जनाएको छ।

उक्त बस्ती निर्माणका लागि एनआरएन र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा शहरी विकास मन्त्रालयबीच २०७३ साल वैशाख १२ गते त्रिपक्षीय सम्झौता भएको थियो । दुई वर्षभित्रमा बस्ती निर्माण गरी भूकम्पपीडितलाई हस्तान्तरण गर्ने भनिए पनि करीब पाँच वर्षपछि मात्र बल्ल बस्ती हस्तान्तरण गरिएको हो।

बस्तीमा अझै एक घरबाट अर्को घरमा जान आउनका लागि बाटो निर्माण, ढल निकासलगायतका काम भने गर्न बाँकी रहेको छ। बाँकी रहेका काम छिट्टै निर्माण शुरु गर्ने प्राधिकरण प्रमुख कार्यकारी निर्देशन सुशील ज्ञवालीले जानकारी दिनुभयो।



रमणीय बेगनास ताल र माझीकुनाः सुन्दरी डाँडाबाट देखिएको रमणीय बेगनास ताल र माझीकुना । पोखरा महानगरपालिका-३१ माझीकुना बेगनास तालको छेउमा रहेको यो बस्ती माछा पारखीहरुको लागि प्रख्यात मानिन्छ। फोटोः पोखरापत्र

# लङ्गाउँमा खानेपानीको चरम अभाव

पोखरापत्र संवाददाता
बागलुङ, ९ वैशाख

स्थानीय सरकार आएपछि खानेपानीको अभाव टर्ला भनेर आशावादी रहेका बागलुङ नरपालिका-६ स्थित लङ्गाउँका बासिन्दाको आशा निराशामा परिणत हुँदै गएको छ।

बागलुङ बजार नजिकैको लङ्गाउँका बासिन्दाले विगत १० वर्षदेखि खानेपानीको चरम अभाव खेप्दै आएका छन्। अहिले लङ्गाउँमा एक दिन बिराएर दुई गाग्री पानी मात्रै धारामा आउने गरेको स्थानीयवासीले दुखेसो व्यक्त गरेका छन्।

खानेपानीको समस्या भएपछि विसं २०३४ मा बागलुङ-६ धारापानीको मुहानबाट पानी ल्याएर खाँदै आउनुभएका लङ्गाउँवासीलाई पुनः १० वर्षअघिदेखि खानेपानी समस्याले सताउन थालेको छ।

जनसङ्ख्या वृद्धिदर बढ्दै जानु र धारापानीको मुहान सुक्दै जान थालेपछि विगत १० वर्षदेखि लङ्गाउँमा खानेपानीको हाहाकार हुँदै आएको स्थानीयवासी टेकबहादुर थापाले बताउनुभयो।

"हिउँदको चार महिनामा खानेपानीको निकै समस्या छ, दुई दिन बिराएर धारामा दुई गाग्री पानी आउँछ", थापाले भन्नुभयो, "एकै ठाउँमा बस्ती छ, थोरै खानेपानीले पुग्दैन, सरसफाइ र पशुका लागि लङ्गाउँमुनिको गोजीको धारोबाट बोकेर ल्याउँछौं, आउन जान आधा घण्टा लाग्छ।"

बजार नजिकैको घर भएरसमेत हिउँदमा दुर्गममा जस्तो खानेपानी बोक्नुपर्ने समस्या पीडादायी भएको उहाँको गुनासो छ। पटक-पटक एक घर एक धाराको कुरा आए पनि हालसम्म कुनै काम हुन नसकेको स्थानीयवासी याम थापाले जानकारी दिनुभयो । अहिले लङ्गाउँका लागि भनेर भिरलाखुरीमा एक लाख लिटरको खानेपानी ट्याङ्की निर्माण भए पनि काठेखोलाको पानी तानेर ल्याउनुपर्ने नगर खानेपानीको आयोजना अगाडि नबढ्दा समस्या भइरहेको छ।

खानेपानी समस्या समाधानका लागि बागलुङ नगरखानेपानी र नगरपालिकाको साझेदारीमा काठेखोलाको पानी लिफ्टमार्फत माथि ल्याउने काम भइहे पनि समयमै नसकिँदा सोही लिफ्टको पानीमाथि लगेर लङ्गाउँ पुऱ्याउने कार्य अलपत्र पर्दै आएको छ । हिउँदको फागुन, चैत, वैशाख र जेठमा खानेपानीको चरम अभाव हुने गरेको छ। अहिले लङ्गाउँका सुदायिक धारामा रित्ता गाग्री छरपष्ट देख्न पाइन्छ। अहिले लङ्गाउँका बासिन्दाले भिरलाखुरीमा बनाइएकोट्याङ्कीहेरेकाठेखोलाको पानी कुर्दै बसेका छन् । मुख्य खानेपानी आयोजनाको काम पूरा नहुनु र भिरलाखुरी पम्पमार्फत पुऱ्याउने खानेपानीको कामको कुनै सुरसार नहुँदा अझै केही वर्ष खानेपानीको अभाव भेल्दै बस्नुपर्ने लङ्गाउँवासीको पीडा छ।

नगरपालिकाले खानेपानीका लागि अधिकतम प्रयास गरेर तल्लो लङ्गाउँमा खानेपानी पुऱ्याएको भए पनि उपल्लो लङ्गाउँमा समस्या समाधान केही वर्षमा हुने नगर प्रमुख जनकराज पौडेलले बताउनुभयो।

नगर खानेपानीको काम सकिए काठेखोलाको पानी रातामाटा पुग्नासाथ पुनः एक लाख लिटरको ट्याङ्की निर्माण गरिएको बताइएको छ।

# मुस्ताङ र घुन्सामा हिमपात

पोखरापत्र संवाददाता
बागलुङ, ९ वैशाख

मुस्ताङको घरपफोङ गाउँपालिका-१ का ७८ वर्षीय जीतबहादुर रसायलीले बुधबार साँझ पहिलो पटक वैशाखमा हिउँपरेको देख्नुभयो।

मुस्ताङमा मङ्सिरदेखि फागुनसम्म मात्रै हिमपात हुँदै आएको थियो। यो वर्ष लामो समय नपरेको हिउँ वैशाखको दास्रो साता पर्न शुरु भएको हो। उमेरले ८० को नजिकैरहनु भएका जीतबहादुरजस्ता यहाँका ज्येष्ठ नागरिकले कहिले वैशाखमा हिउँ परेको देख्नुभएको थिएन।

अचानक वैशाखमा हिउँ परेपछि यहाँका नागरिक दङ्ग परेका छन् । हिमाल पारीको जिल्ला मुस्ताङमा बुधबारसाँझदेखि हिमपात भएको छ । मङ्गलबार दिउँसोदेखि मुस्ताङका सबै क्षेत्रमा हिमपात भएको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ । "मौसम परिवर्तनको असर भन्छन्, जीवनभर नदेखेको देख्नु पऱ्यो", रसायलीले भन्नुभयो।

बेसिजनमा भइरहेको हिमपातले खेतीपातीका लागि खासै फाइदा नगर्ने स्थानीय किसान बताउँछन्। मुस्ताङका गाउँ हिउँले ढाकेकाले यहाँको पर्यटनमा भने सहयोग गर्ने रसायलीले बताउनुभयो । अधिकांश भू-भाग हिउँले ढाकेकाले चिसो बढेको छ।

हिउँले जमीनको सबै भूभाग छोपेको छ । दैनिक रूपमा पोखरा जोमसोम उडान भर्ने हवाईजहाज पनि आउन सकेका छैनन । हिमपातका कारण आजका सबै उडान रद्द हुनसक्ने नागरिक उड्डयान कार्यालय मुस्ताङका प्रमुख दीपक विकले बताउनुभएको।

हिउँले ढाकेकाले सडक हिलाम्मे भएको छ भने जिल्ला बाहिरबाट आउने सवारीसाधन निकै कम आवतजावत भएका छन्। मुस्ताङ आउने पर्यटकलाई केही असहज भएको होटल व्यवसायी बताउँछन् । बेमौसमी हिउँका कारण दैनिक रूपमा गर्ने कार्यमा सामान्य समस्या आएको छ भने मुक्तिनाथ दर्शन गर्न र कोरला नाकासम्म जाने पर्यटक तथा तीर्थालुलाई सास्ती भएको पत्रकार आदित्य रसायलीले बताउनुभयो । यसैबीच फुङ्लिङ-ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिका-६ घुन्सा गाउँमा आज बिहानैदेखि हिमपात भएको छ। समुद्र सतहदेखि तीन हजार ५०० मिटर उच्चाइमा अवस्थित घुन्सामा हिमपात भएको हो । हिमपात भएपछि विद्यालयमा विद्यार्थी प्रभावित बन्न पुगेको घुन्सा आधारभूत विद्यालयका शिक्षक केल्साङ शेर्पाले बताउनुभयो।

हिमपता भएपछि अत्याधिक चिसो मौसम हुने भएकाले कक्षा कोठामा बसेर पढ्न समस्या भएको शिक्षक शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो, "आज बिहानदेखि नै हिउँ परिराछ । विद्यालय बिदा गरौँ भने परीक्षा आइसक्यो, पढाउँनै पऱ्यो । पढाउँदानी हिमतापका कारणले मौसम एक दम चिसो भएको छ ।" हिमपातले चौँरी साथै पशुपालकलाई पनि चिसोका कारणले समस्या भएको स्थानीयवासी पेमा शेर्पाले बताउनुभयो । ताप्लेजुङमा बिहानदेखि नै वर्षासँगै हिमाली क्षेत्रमा हिमपात भइरहेको छ।

# च्याङ्ग्रा खान गएको हिउँ चितुवा च्याङ्ग्राकै खोरमा

पोखरापत्र संवाददाता
म्याग्दी, ९ वैशाख

च्याङ्ग्रा खान गएको हिउँ चितुवा च्याङ्ग्रा कै खोरमा थुनिएको छ। मनाङको नार्पा भूमि गाउँपालिकास्थित फु गाउँमा रहेको फु हिमालयन च्याङ्ग्रा पालन कृषक समूहको च्याङ्ग्रा गोठमा मङ्गलबार राति हिउँ चितुवाले ४५ वटा च्याङ्ग्रा मारेको समूहका सचिव विकास बरामले जानकारी दिनुभयो।

बुधबार बिहान ७ बजेको समयमा च्याङ्ग्राको गोठमा पुगेका गोठालोले चितुवाले खोरभित्रै च्याङ्ग्रा खाँदै गरेको अवस्थामा भेटेका थिए । सोही समयमा गोठालोले च्याङ्ग्रा खोरको ढोका लगाइदिए पछि खोरभित्रै हिँउ चितुवा थुनिएको हो । हिउँ चितुवा थुनिएसँगै गाउँलेले जिल्ला प्रशासन कार्यालय मनाङ, अन्नपूर्ण संरक्षण क्षेत्र र नेपाल प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा हिँउ चितुवाको उद्धारका लागि नार्पा भूमि च्याखुमा रहेको नेपाल प्रहरी र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप)का कर्मचारी पुगेको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले जानकारी दिनुभयो । हिउँ चितुवा उद्धारका लागि घटनास्थलमा पुगेको भए पनि खराब मौसमका कारण कसरी उद्धार गर्ने जानकारी प्राप्त भइनसकेको उहाँले बताउनुभयो।

पीडित पक्षले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँग राहत उपलब्ध गराउन माग गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङका प्रमुख लेखनाथ गौतमले पीडत पक्षलाई राहत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । हिउँ चितुवालाई सम्बन्धित निकायमा लैजाने तयारी गरिएको र उद्धारका लागि आवश्यक सामग्री नहुँदा खोरभित्रै हिउँ चितुवा थुनिएर बसेको जनाइएको छ। हिउँ चितुवा ठूलो बिरालो प्रजातिको माँसाहारी जनावर हो। यो दक्षिण एशिया तथा मध्य एशियाका हिमाली क्षेत्रमा पाइन्छ।

हिउँ चितुवा समुद्री सतहबाट तीन हजारदेखि पाँच हजार ५०० मिटर उचाइबीचका चट्टानी हिमाली क्षेत्रमा बसोबास गर्छ । लुकेर रहने स्वभावका कारण यिनीहरूको यकिन सङ्ख्या भने थाहा हुन सकेको छैन । खुला जङ्गली क्षेत्रमा तीन हजार ५०० देखि सात हजारको सङ्ख्यामा तथा विश्वका चिडियाघरमा ६०० देखि ७०० को सङ्ख्यामा हिउँ चितुवा रहेको अनुमान गरिएको छ।

# अति आवश्यक परे मात्र अस्पताल आउन अपिल

रासस
काठमाडौं, ९ वैशाख

भरतपुर अस्पतालले अति आवश्यक परे मात्रै अस्पताल आउन सर्वसाधारणमा अपिल गरेको छ । अस्पतालले एक अपिल प्रकाशित गरी अस्पतालमा भीडभाड हुँदा कोभिड-१९ सङ्क्रमणको जोखिम बढी हुने जनाएको हो । अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा जगन्नाथ तिवारीद्वारा जारी अपिलमा कोरोनाको सङ्क्रमणको अनुपात दिनानुदिन बढ्दै गइरहेकाले अस्पतालमा धेरै भीडभाड हुँदा सङ्क्रमणको जोखिम बढी हुने जनाइएको छ । अपिलमा भनिएको छ "अति आवश्यक अवस्थामा मात्र अस्पतालमा आउनु हुन विनम्र अनुरोध गर्दछौं।" अस्पतालमा सेवा लिन आउँदा पनि जनस्वास्थ्यका मापदण्ड मास्क लगाउने, साबुनपानीले समय समयमा हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, भौतिक दूरी कायम गर्नेजस्ता कार्य अनिवार्यरूपमा पालना गर्न पनि अपिलमा आग्रह गरिएको छ। अपिलमा कोभिड सङ्क्रमण हुनबाट आफू बच्न र अरुलाई पनि बचाउन भनिएको छ। यो अस्पताल सङ्घीय अस्पताल हो। यहाँ १९ जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन्। यहाँ दैनिक दुई हजारभन्दा बढीसम्म बिरामी उपचारका लागि आउने गरेको तथ्याङ्क रहेको छ। जिल्लामा हालसम्म कोरोना सङ्क्रमितको सङ्ख्या सात हजार १४९ पुगेको छ। तीमध्ये सक्रिय सङ्क्रमित २१० रहेको स्वास्थ्य कार्यालय चितवनले जनाएको छ। सङ्क्रमितमध्ये १८० होम आइसोलेसन र ३० जना अस्पतालमा उपचाररत रहेको कार्यालयका प्रमुख दीपक तिवारीले जानकारी दिनुभयो।




## सुक्तिसुधा

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# एमालेको एकता नतोड

सर्वोच्च अदालतले नेकपाबाट छुट्टयाएको नेकपा एमाले फागुन २३ गतेपछि सग्लो रुपमा प्रस्तुत हुन सकेको छैन । नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकीकरण भई नेकपा बनेको थियो । नेकपाा पहिल्यै दर्ता भएको हुँदा नेकपा दर्ता बदर गरि एमाले र माओवादी केन्द्र कायम भएका थिए । नेकपामा रहँदा प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली विरुद्ध मोर्चा बनाएका पुष्प कमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, बामदेव गौतम पार्टी छुट्टीए पछि पनि फरकफरक तरिकाले मोर्चाबन्दी गरेका छन । नेकपा हुँदा गरेको अभ्यास एमालेमा हुन नसक्ने भएको छ । सरकारको नेतृत्व गरिरहेको प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल नेकपा एमाले इतिहासकै निकै जटिल मोडमा पुगेको छ । पेरिस डाँडाबाट छुट्टीएर आएका खनाल - नेपाल समुहले समानान्तर कमिटी बनाएर गतिविधि गर्दै आएको छ । पार्टीलाई विभाजन हुन नदि प्रधानमन्त्री एवं अध्यक्ष ओलीले नेता माधवकुमार नेपालसंग वार्ता गरेका हुन । देशभरका कार्यकर्ता र शुभेच्छुकले एमालेको एकता चाहेका छन ।

पार्टी स्थापना दिवसका अवसरमा बल्नु स्थित केन्द्रीय कार्यालय भवन शिलान्यास कार्यक्रममा नेता नेपाल पक्ष अनुपस्थित हुँदा चिसो पस्ने काम गरेको छा खनाल- नेपालपक्षीय १५ नेताले बिहीवार सामूहिक अपिल जारी गर्दै पार्टी विभाजनको डिलमा पुगेको उल्लेख गरेकोलाई सकारात्मक मान्न सकिदैन । संवादहीनता तोड्दै बुधवार प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली र नेपालबीच घण्टौं वार्ता भएको थियो । महिना लामो संवादहीनता तोड्दै भएको बुधवारको वार्तालाई 'आइसब्रेक'को संज्ञा दिएपनि वार्ता खासै निष्कर्षमा पुग्न नसकेको दुवैतर्फका नेताहरूको बुझाइ छ । नेताद्वयबीच बिहीवार पनि नागपोखरीको म्यारियट होटलमा वार्ता भयो । ओलीसँगको वार्तापछि बाहिरिने क्रममा नेता नेपालले कुनै प्रगति नभएको प्रतिक्रिया दिएर पुरानै अडानमा रहेको देखिन्छ । बिहीवार नेताहरूले नवनिर्मित धरहरा हेरेर अनौपचारिक कुराकानी गर्दै तिक्तता मेटाउने प्रयास गरेपनि वार्तामा ठोस प्रगति हुन नसक्नु मेरो गोरुको बाह्रै टक्का भने जस्तै हो ।

आम कार्यकर्तामा आशा जगाउने गरी बुधवार ओली र नेपालबीच छलफल भएपनि बिहीवारको भेटअघिका गतिविधिले हिजोको बैठकमा कुनै प्रगति नभएको कार्यकर्ताले बुझिसकेका थिए । बिहीवार बिहान बल्खुमा एमाले पार्टी कार्यालयको शिलान्यास कार्यक्रममा ओलीले गुटलाई मान्यता दिएर वार्ता नगर्ने अडान राखेका थिए । हरेकलाई गल्ती महशुस गर्ने, अराजकता छाडेर अनुशासित भएर पार्टीमा काम गर्न नेतृत्वले आग्रह गर्दै आएको छ । नेता नेपाल पक्षले पनि पूर्ववत् अडानमा कामय रहने र ओलीसँग नझुक्ने नीति लिएर पुगिने भनेको विभाजनको डिलमा हो । 'नेकपा एमालेको एकता बचाउन र कम्युनिस्ट आन्दोलनको रक्षा गर्न दुवै पक्ष लचिलो हुनुपर्छ । पुस ४ गते प्रधानमन्त्री एवं अध्यक्ष ओलीले प्रचण्ड र माधव नेपालसंग गरेको अनुरोध वेवास्ता गर्दा प्रतिनिधि सभा विघटन र पार्टी विभाजनको अवस्था आएको हो । तीन वर्ष अघिको अवस्थामा फर्कनुपर्छ भन्नू ब्यवहारिक देखिदैन । पार्टी कमिटी र कार्यकर्ता सधैं दास बनाउन खोज्नु हो । देशमा धेरै उथलपुथल आइसकेको छ । समयको माग गति अनुसार चल्नुपर्छ ।आफ्नो प्रतिष्ठा भन्दा देश र पार्टीको हित अनुसार चल्न आफ्ना असन्तुष्टि पार्टीमा राखेर निर्णय मानेर जानु नै बुद्धिमानी हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

बडा मजाको आयुर्वेदिक
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


## बिमालेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएका निम्न लिखित बिमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| क्र.सं. | नाम | बिमालेख नं. |
|---|---|---|
| १) | धनमाया पौडेल | ०१०००००७०३ |

सम्पर्क
गुराँस लाइफ इन्स्योरेन्स कं.लि.
[illegible]

# भारतमा एक दिनमा तीन लाखभन्दा बढी संक्रमित

रासस
काठमाडौं, ९ बैशाख

भारतमा बुधबार एकै दिनमा कोभिड-१९ को सङ्क्रमित संख्या तीन लाख १४ हजार ८३५ जना थपिएपछि कुल सङ्क्रमितको संख्या एक करोड ५९ लाख ३० हजारभन्दा बढी भएको छ ।

सोही अवधीमा भारतमा कोरोनाबाट दुई हजार १०४ जनाको मृत्यु भएको छ । योसँगै भारतमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या एक लाख ८४ हजार ६५७ जना पुगेको छ ।

भारतमा कोरोना भाइरस सङ्क्रमण शुरु भएयता एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका यो पहिलो पटक हो । कोरोना माहामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो संख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ । यद्यपी संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए । भारतमा बुधबारुसम्म सक्रिय सङ्क्रमितको संख्या २२ लाख ९१ हजार ४२८ रहेको छ । यहाँ हालसमम एक करोड ३४ लाख ५४ हजार ८८० व्यक्ति कोरोना मुक्त भएका छन् ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १३ करोड २३ लाख ३० हजारभन्दा बढी व्यक्तिले खोपलगाएका छन् । कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ । भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन् । भारतमा बुधबार मात्रै १६ लाख ३९ हजार ३५७ जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ ।

अप्रिल २१ सम्म कूल २७ करोड २० लाखभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ । भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ । दिल्लीमा मङ्गलबार एकै दिनमा २८ हजार ३९५ जना कोरोना भाइरस सङ्क्रमित भएका २७७ जनाको मृत्यु भएको छ । भारतको दिल्लीमा कोरोना शुरु भएपछि हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार ६३८ जनाको मृत्यु भइसकेको छ ।

# पशुपति क्षेत्रका सबै मन्दिर शुक्रबारदेखि बन्द गरिने

रासस
काठमाडौं, ९ बैशाख

नयाँ भेरियन्टसहितको कोरोना बढ्न थालेपछि वैशाख १० गते शुक्रबारदेखि पशुपतिनाथ, गुह्येश्वरीलगायत पशुपति क्षेत्रका मन्दिर बन्द गरिने भएको छ ।

पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिरमा नित्य पूजा भने निरन्तर जारी रहने पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाले रासससलाई जानकारी दिनुभयो । फैलँदै गइरहेको नयाँ भेरियन्टसहितको कोभिड १९ को सङ्क्रमण नेपालमा समेत बढ्दै जान थालेपछि रोकथाम तथा नियन्त्रणका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सरकारले स्वास्थ्य मापदण्ड जारी गरेकाले त्यसैअनुसार मन्दिर बन्द गरिएको कोषले आज जारी गरेको सूचनामा उल्लेख छ । सोही ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी अर्को व्यवस्था नभएसम्मका लागि पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिर बन्द गरिने उहाँले बताउनुभयो । पशुपति क्षेत्रका मठ मन्दिरमा नित्य पूजाबाहेक अरु सबै क्रियाकलाप गर्न निषेध गरिएको छ । यसबाट भक्तजनमा पर्न गएको असुविधाप्रति कोषले क्षमा मागेको छ । गत वर्ष पनि कोरोनाबाट बच्न जारी बन्दाबन्दीका कारण नौ महिनासम्म पशुपतिनाथ, गुह्येश्वरीलगायत मठमन्दिर भक्तजनका लागि बन्द गरिएको थियो । विसं २०७६ चैत ११ गतेदेखि बन्द गरिएको मन्दिर विसं २०७७ पुस १ गतेदेखि बिहान ६ बजेदेखि एक बजेसम्म भक्तजनका लागि खुला गरिएको थियो । विशेष पूजा भने महाशिवरात्रिका अवसरमा फागुन २५ गतेदेखि मात्र शुरु भएको थियो । मन्दिर भने महाशिवरात्रिका अवसरमा फागुन २७ गतेदेखि मात्र साविक बमोजिम नै पूरा समय खुला गरिएको थियो । अन्य क्षेत्र खुला गरिँदासमेत पशुपतिनाथ, गुह्येश्वरीलगायत मन्दिरमा भक्तजनलाई प्रवेश नदिइएको भन्दै विश्व हिन्दू महासङ्घलगायत सङ्घ संस्थाले त्यसबेला विरोधसमेत जनाएका थिए । मन्दिर बन्द गरिएसँगै पशुपति क्षेत्रको घाट सेवामा पनि सरकारले तोकेको मापदण्डभन्दा बढी मानिस उपस्थित नहुन कोषले आह्वान गरेको छ । घाट सेवामा आउने सबैलाई अनिवार्य रुपमा मास्क लगाई स्वास्थ्य सुरक्षाका विधि अपनाउन कोषले आह्वान गरेको छ ।

# खुला ठाडो भाका र बाघचाल प्रतियोगिता हुँदै

पोखरापत्र संवाददाता
लमजुङ, ९ बैशाख

यही वैशाख १० र ११ गते खुला प्रतियोगिताका रूपमा ठाडो भाका र बाघचाल प्रतियोगिताको आयोजना हुने भएको छ ।

ठाडोभाका लोककला प्रतिष्ठान नेपालले बेँसीशहरमा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नवराज पहाडीले लोकसंस्कृतिको उत्थानका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले ठाडो भाकाका लागि पुरुष र महिला तीन/तीनजना सहभागी भई विपरीतलिङ्गी समूहसँग १० टुक्का गाउनुपर्नेछ । दोर्दी गाउँपालिका-६ कीर्तिपुरबेँसीको भगवान् आधारभूत विद्यालयमा आयोजना गरिने कार्यक्रमको प्रवर्द्धन दोर्दी गाउँपालिकाले गरेको छ । कार्यक्रममा ठाडो भाकाका महानायकको उपाधि बुद्धिमान दुरा 'धम्पु' लाई र ठाडोभाका 'नर्मदा स्मृति' पुरस्कारबाट लोक संस्कृतिकर्मी कृष्ण कँडेललाई सम्मान गरिने भएको छ । प्रतियोगिताका लागि ठाडोभाकातर्फ १५ समूह र बाघचालतर्फ ३५ जनाले नाम दर्ता गरिसकेको अध्यक्ष पहाडीले बताउनुभयो । ठाडोभाकातर्फ ९० टोलीको सहभागिता रहनेछ ।

ठाडोभाकातर्फ प्रथमलाई रु २५, दोस्रोलाई रु १५ र तेस्रोलाई १० हजार पुरस्कार प्रदान गरिने तथा सहभागी समूहलाई बाटो खर्चस्वरुप रु तीन/तीन हजार प्रदान गरिने छ । बाघचालतर्फ प्रथमलाई रु सात हजार, दोस्रोलाई रु चार हजार र सान्त्वना दुई जनालाई रु दुई/दुई हजार पुरस्कार छ ।

# नेपाल घरेलु तथा साना उद्योग महासंघ कास्की शाखाको शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख



नेपाल घरेलु तथा साना उद्योग महासंघ कास्की शाखाले नयाँवर्षको भित्तेपात्रो, क्यालेण्डर विमोचन एवं शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा महासंघका अध्यक्ष बलराम गौतमले संस्थालाई अगाडि बढाउन कार्य समिति सदस्यको उत्तिकै साथ सहयोग चाहिने साथै व्यवसायीकहितको लागि योजनावद्ध रुपले कार्य गर्नुपर्ने कुरा राख्दै वि.सं.२०७८ सालमा सबै व्यवसायीहरुको व्यापार व्यवसायको प्रगतिको शुभकामना व्यक्त गरे । महासंघका कास्की जिल्ल्लाका केन्द्रिय प्रतिनिधि सुवास सिग्देलले उद्यमी व्यवसायीहरुको दुःख, मर्म बुझ्ने संस्था भनेकै घरेलु महासंघ हो । यसैले अहिलेको कार्यसमितिले प्रभावकारी योजना ल्याई व्यवसायीको दुःखमा साथदिनुपर्ने कुरा राखे । त्यस्तैगरी महासंघका बरिष्ट उपाध्यक्ष भानु भण्डारीले संस्थाको चिनारी भएको भित्तेपात्रो छोटो समयमा जिम्मेवारीपूर्वक सम्पन्न गरेकोमा छपाई उपसमितिलाई धन्यवाद दिँदै शुभकामना र आर्शिवाद सम्बन्धी रोचक प्रसङ्ग औल्याएका थिए । संस्थाका अध्यक्ष बलरामगौतमको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा च्याम्बर अफ कर्मस कास्की शाखाका बरिष्ट उपाध्यक्ष गिता तिवारी गौतम, क्यालेण्डर प्रकाशन उपसमितिका संयोजक एवं संस्थाकाकोषाध्यक्ष गणेश श्रेष्ठले आ-आफ्नो धारणा राखी शुभकामना व्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन संस्थाका महासचिव पुष्पराज पौडेलले गरेका थिए ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म : २००९/०५/०४
स्वर्गारोहण : २०७७/१२/२९

स्व. डिल्लीराम गौतम

यस संस्थाका सल्लाहकार सदस्य **डिल्लीराम गौतम** को असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

बल बहादुर बराल
अध्यक्ष तथा
तीन औचुरे टोल विकास संस्था परिवार
पोखरा-१३, काँहुखोला



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः २००९/०५/०४
स्वर्गारोहणः २०७७/१२/२९

स्व. डिल्लीराम गौतम

सत्य सेवा आमा समुहका कार्यसमिति सदस्य पार्वती गौतमका पति तथा नागेश्वर भजन कृतन समुहका उपाध्यक्ष **डिल्लीराम गौतम** को असामयिक निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका–१३ बाँझापाटन

# टी-२० क्रिकेटमा सय खेल खेल्ने सन्दीप पहिलो खेलाडी

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

लेग स्पिनर सन्दीप लामिछाने टी-२० क्रिकेटमा १०० खेल खेल्ने पहिलो नेपाली खेलाडी बन्नुभएको छ। त्रिदेशीय टी-२० सिरिजअन्तर्गत बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मलेसियाविरुद्ध खेल्दै उनले उक्त राष्ट्रिय कीर्तिमान बनाउनुभएको हो। मलेसियाविरुद्धको खेलमा २० वर्षीय लामिछानेले चार ओभर बलिङ गर्दै ४२ रन खर्चेर तीन विकेट लिनुभयो। उहाँले हालसम्म १३६ खेल खेल्दै १३६ विकेट लिनुभएको छ।

# हट्यो पुलमा लगाइएको कर

पोखरापत्र संवाददाता
बागलुङ, ९ बैशाख

बागलुङ-पर्वत जोड्ने झोलुङ्गे पुल तरेवापत शुल्क लिने निर्णयबाट बागलुङ नगरपालिका पछि हटेको छ। नगर कार्यपालिकाको निर्णयानुसार मङ्गलबारदेखि पूर्वाधार उपयोग कर शीर्षकमा प्रतियात्रु रु २० लिन थालिएको थियो।

जनस्तरबाट व्यापक विरोध भएपछि अर्को व्यवस्था नभएसम्मका लागि कर उठाउने कार्य स्थगन गरिएको नगरपालिकाले जनाएको छ। सो विषयमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीद्वारा हस्ताक्षरित विज्ञप्तिमार्फत आज सार्वजनिकरूपमा सूचितसमेत गरिएको छ। यसअघि गत चैत २६ गते बसेको नगर कार्यपालिकाको बैठकले पूर्वाधार उपयोग करअन्तर्गत पुल आउजाउ गर्ने यात्रुबाट रु २० लिने निर्णय गरेको थियो। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विद्यार्थीलाई रु १० तथा विदेशी पर्यटकलाई रु ५० तोकिएको थियो। यस्तै बागलुङ नगरपालिका र पर्वतको कुश्मा नगरपालिकाका बासिन्दाबाट शुल्क नलिने निर्णय गरिएको थियो।

चैत्राष्टमी पर्वकै दिनबाट शुल्क उठाउन थालेपछि सामाजिक सञ्जालमासमेत उक्त कार्यको आलोचना भएको थियो। बुधबार जिल्लामा क्रियाशील विद्यार्थी सङ्गठनले समेत कर लिने निर्णय सच्याउन नगरपालिकालाई दबाब दिएका थिए। जनसाधारणको आवातजावतमा सहजताका लागि निर्माण गरिएको झोलुङ्गे पुलमा कर लगाउनु अनुचित हुने भन्दै स्थानीयस्तरमा समेत विरोध शुरु भएको थियो। बागलुङ-१ बाङ्गेचौर र कुश्मा-१ अुदवाबारी जोड्ने ५६७ मिटर लामो उक्त झोलुङ्गे पुललाई सिङ्गल स्पानतर्फ संसारकै लामो भनेर नगरपालिकाले जिकिर गर्दै आएको छ। उक्त झोलुङ्गे पुलले पर्यटकीय आकर्षणसमेत थपेको छ। सङ्घ सरकारको लगानीमा पुल बनेको हो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २००९/०५/०४

स्वर्गारोहण : २०७७/१२/२९

स्व. डिल्लीराम गौतम

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका पूर्व संचालक, शिक्षा प्रेमी, समाजसेवी **डिल्लीराम गौतम** को असामयिक निधन भएकोले यस संस्थाले एक जना अभिभावक गुमाएको छ। यस दुःखद घडीमा उहाँ स्वर्गवास भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त उक्त परिवारमा हुनुभएको शेयर सदस्यहरु (शिक्षा उपसमितिका संयोजक गोविन्द गौतम) लगायत सम्पूर्णमा पर्न गएको यस दुःखद घडिमा धैर्यधारण गर्ने शक्ति ईश्वरबाट प्राप्त होस भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

माधव प्रसाद आचार्य
अध्यक्ष तथा
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था**
**पोखरा-१३, परिवार**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २००९/०५/०४

स्वर्गारोहण : २०७७/१२/२९

स्व. डिल्लीराम गौतम

यस संस्थाका आजिवन सदस्य पार्वती गौतमका पुजनीय पति एवं युवा विकास उपसमितिका सदस्यद्धय गोविन्द गौतम, दिपेन्द्र गौतम र डा. दिनेश गौतमका पुजनीय पिता संस्थापक सदस्य एवं सल्लाहकार **डिल्लीराम गौतम** को असामयिक निधनले अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं।

देवराज बराल — अध्यक्ष
एवम्
कृष्णबहादुर क्षेत्री (कुमार) — महासचिव

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझापाटन**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि. स. २००९/०५/०४ गते

स्वर्गारोहणः वि.स. २०७७/१२/२९ गते

स्वः डिल्लीराम गौतम

हाम्रा प्रात स्मरणीय आदरणीय पति/दाजु/बाबा/हजुरबाबा **डिल्लीराम गौतमको** को ६८ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
गोविन्द/ सरिता गौतम
डा. दिनेश/ इन्जु गौतम
दिपेन्द्र/ बबिता गौतम

**भाइ/बुहारीः**
रुद्रनाथ/मिना गौतम
जगन्नाथ/ सुनिता गौतम
शिवप्रसाद/लक्ष्मी गौतम

**श्रीमतीः पार्वती गौतम**

**बहिनी/बहिनीज्वाइँः**
राधा/ मुक्ति तिवारी

**नातिनातिनीः**
आभास गौतम
अभिभ गौतम
अभिनव गौतम
एरिस गौतम
आरोग्य गौतम

**भतिजा/ भतिजीः**
पुकार/श्रृजना गौतम
मञ्जु/अग्नी भण्डारी
सम्झना/ रमेश पोखेल
रेनुका/ केशव तिवारी
रमा/ पदम आचार्य
शान्ति/ सूर्यमदन भण्डारी

दिपक/ निकिता गौतम
सुजित/ संगिता गौतम
निरज गौतम
अमित गौतम
अनिल गौतम

**एवम् गौतम परिवार**

पूनश्चः मिति २०७८ बैशाख १० गते शुक्रबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ९ः ०० बजेदेखि स्थानः पोखरा-१३ काहुँखोला